आज मिति २०८०।०२।१० गतेका दिन विहान ८:०० बजेको समयमा यस लम्कीचुहा नगरपालिकाका नगर प्रमुख श्री सुशिला शाही ज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको १७ औं बैठक बसी तपशीलको उपस्थितिमा देहाय बमोजिमका निर्णयहरु पारित गरियो।

तपशील

| क्र.सं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री सुशिला शाही | नगर प्रमुख | |
| २ | श्री जुना चौधरी | नगर उपप्रमुख | |
| ३ | श्री नेत्र प्रसाद खनाल | अध्यक्ष वडा नं. १ | |
| ४ | श्री संतोष कुमार ओली | अध्यक्ष वडा नं. २ | |
| ५ | श्री लब बहादुर शाही | अध्यक्ष वडा नं. ३ | |
| ६ | श्री तारा प्रसाद अधिकारी | अध्यक्ष वडा नं. ४ | |
| ७ | श्री माया विष्ट | अध्यक्ष वडा नं. ५ | |
| ८ | श्री लोकेन्द्र कठायत | अध्यक्ष वडा नं. ६ | |
| ९ | श्री भगवानदिन चौधरी | अध्यक्ष वडा नं. ७ | |
| १० | श्री हरी प्रसाद चौधरी | अध्यक्ष वडा नं. ८ | |
| ११ | श्री राम प्रसाद चौधरी | अध्यक्ष वडा नं. ९ | |
| १२ | श्री हर्क बहादुर कठरिया थारु | अध्यक्ष वडा नं. १० | |
| १३ | श्री उजीर सिंह सुनार | कार्यपालिका सदस्य | |
| १४ | श्री सुमित्रा कुमारी चौधरी | कार्यपालिका सदस्य | |
| १५ | श्री ज्योती देवी वि.क. | कार्यपालिका सदस्य | |
| १६ | दुर्गा देवी उखेडा | कार्यपालिका सदस्य | |
| १७ | झपट सिंह वि.क. | कार्यपालिका सदस्य | |
| १८ | कोकिला देवी दमाई | कार्यपालिका सदस्य | |
| १९ | सेतु देवी कामी | कार्यपालिका सदस्य | |
| २० | दिपा देवी रावत | कार्यपालिका सदस्य | |
| २१ | शेर बहादुर बुढा | सचिव | |

अन्य उपस्थिति:

| | | | |
|---|---|---|---|
| १ | माधव कुमार जैसी | अधिकृत छैठौं | |
| २. | प्रयागराज खनाल | सचिवालय प्रमुख | |
| ३. | विरेन्द्र शाही | अधिकृत | |

**प्रस्ताव नं. १ आ.व. २०८०।०८१ का लागि योजना तर्जुमा तथा बजेट निर्माण गर्ने सम्बन्धमा।**

निर्णय नं. १ प्रस्ताव नं. १ माथि छलफल गर्दा लम्कीचुहा नगरपालिकाको आगामी आर्थिक वर्ष २०८०।०८१ का लागि नीति तथा कार्यक्रम तथा बजेट तर्जुमा गर्नका लागि योजनाको छनौट, प्राथमिकीकरण तथा बजेट निर्माण प्रक्रियाका लागि टोल भेला तथा वडा भेला मिति २०८०।०२।२० गतेसम्म सम्पन्न गरि योजनाको छनौट तथा प्राथमिकीकरण गरि नगरपालिकामा हार्ड कपि तथा सफ्ट कपि सहित सिफारिस गरि पठाउने साथै विभिन्न विषयगत समितिको बैठक मिति २०८० साल जेठ मसान्तसम्म सम्पन्न गरिसक्ने गरि प्रक्रिया अगाडी बढाउने निर्णय गरियो।

**प्रस्ताव नं. २ स्थानीय पाठ्यक्रम स्वीकृत गर्ने सम्बन्धमा।**

निर्णय नं. २. प्रस्ताव नं. २ माथि छलफल गर्दा यस लम्कीचुहा नगरपालिका अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा अध्यापन गराउनका लागि शिक्षा, यूवा तथा खेलकुद शाखाबाट सिफारिस भई आए बमोजिम कक्षा ४-५ र कक्षा ६-८ सम्मका लागि स्थानीय पाठ्यक्रम स्वीकृत गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. ३ बजेट रकमान्त गर्ने सम्बन्धमा।**

निर्णय नं. ३ प्रस्ताव नं. ३ माथि छलफल गर्दा लम्कीचुहा नगरपालिकाको आ.व. २०७९।०८० को स्वीकृत वार्षिक कार्यक्रम अनुसारका तपशील अनुसारका योजना तथा कार्यक्रमहरुका लागि विनियोजित रकम रकमान्तर गर्ने निर्णय गरियो। साथै लम्कीचुहा नगरपालिकाका विभिन्न योजना तथा कार्यक्रमहरुका लागि आ.व. २०७९।०८० मा विनियोजित बजेट शीर्षकमा खर्च हुन नसकेको रकम आवश्यकता अनुसार कार्यालय संचालनका आवश्यक शिर्षकमा रकमान्तर गर्ने निर्णय गरियो।

**तपशील**

| क्र.सं. | साविकको योजना तथा कार्यक्रमको नाम | रकमान्तर गरिएको शिर्षक | विनियोजित रकम |
|---|---|---|---|
| १ | ५०% अनुदानमा डिप बोरिङ निर्माण | ढुंगे बजारमा डिप बोरिङ निर्माण तथा पाईप लाईन विस्तार | १०,००,०००।- |
| २ | उप मेयर बिच भलिबल प्रतियोगिता | लैङ्गिक हिंसा निवारण कोषमा दाखीला | २,००,०००।- |

**प्रस्ताव नं. ४ भारतीय दुतावाससंग साझेदारीमा भवन र सवारी साधन माग गर्ने सम्बन्धमा।**

निर्णय नं. ४ प्रस्ताव नं. ४ माथि छलफल गर्दा लम्कीचुहा नगरपालिकाको कार्यालयद्वारा कार्यान्वयन गर्ने गरि कुल लागत अनुमानको २० प्रतिशत यस नगरपालिकाबाट साझेदारी गर्ने प्रतिबद्दता सहित तपशीलका विद्यालय भवन, अस्पताल भवन तथा अन्य सामाग्रीहरु नेपाल स्थित भारतीय राजदुतावाससंग माग गर्ने निर्णय गरियो।

**तपशिल**

१. जनसेवा मा.वि. लम्कीचुहा २, गणेशपुरमा ८ कोठे पक्की भवन निर्माण
२. जनता मा.वि. लम्कीचुहा-०४ चोरीपुरमा ८ कोठे पक्की भवन निर्माण
३. जनजागृती मा.वि. चौरीमा ८ कोठे पक्की भवन

४. कृष्ण मा.वि. बागमारामा ८ कोठे पक्की भवन निर्माण

५. बालसेवा मा.वि. चाकावाडीमा ८ कोठे पक्की भवन

६. राष्ट्रिय मा.वि. गप्कामा ८ कोठे पक्की भवन

७. सरस्वती मा.वि. प्रतापपुरमा ८ कोठे पक्कीभवन निर्माण

८. राष्ट्रिय नव जागृती मा.वि.हिरापुर चुहामा ८ कोठे पक्की भवन निर्माण

९. लम्कीचुहा (भल्का)अस्पातालमा भवन निर्माण

१०.लम्की बहुमुखी क्याम्पसका लागि १ थान बस

११.लम्कीचुहा (भल्का) अस्पतालका लागि १ थान एम्बुलेन्स

**प्रस्ताव नं. ५ चिल्ड्रेन पार्कको DPR गर्ने सम्बन्धमा।**

निर्णय नं. ५ प्रस्ताव नं. ५ माथि छलफल गर्दा लम्कीचुहा नगरपालिकाको कार्यालयद्वारा लम्कीचुहा नगरपालिका वडा नं. १ सरस्वती मा.वि.संग जोडिएको जग्गामा चिल्ड्रेन पार्क निर्माणको कार्य सूचारु गर्नका लागि उक्त शिर्षकमा विनियोजित रकमको रु. ५ लाखमा नबढ्ने गरि DPR गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. ६ हाईमस्ट लाईट जडान गर्ने सम्बन्धमा।**

निर्णय नं. ६ प्रस्ताव नं. ६ माथि छलफल गर्दा लम्कीचुहा नगरपालिकाको आ.व. २०७९।०८० को स्वीकृत वार्षिक कार्यक्रम अनुसार लम्कीचुहा नगरपालिकाका विभिन्न ६ वटा स्थानमा हाई मस्ट लाईट जडान गरिएकोमा उक्त योजनाका लागि विनियोजित कुल रकम रु. ५० लाख मध्ये ६ वटा लाईट जडान पश्चात बाँकी हुन आउने रकमले थप १ ठाउँमा हाईमस्ट लाईट जडान गर्न लागि सार्वजनिक खरिद ऐन तथा नियमावली अनुसार प्रक्रिया अगाडी बढाउने निर्णय गरियो।

**प्रस्ताव नं. ७ क्यान्टिन, बसपार्क र कवाडीको बोलपत्र आह्वान गर्ने सम्बन्धमा।**

निर्णय नं. ७ प्रस्ताव नं. ७ माथि छलफल गर्दा लम्कीचुहा नगरपालिकाद्वारा आन्तरिक आयमा सघाउ पुर्याउने उदेश्यले आगामी आर्थिक वर्ष २०८०।०८१ बाट सुचारू हुने गरि क्यान्टिनका लागि ३ आर्थिक बर्ष र बसपार्क तथा कवाडीका लागि १ आर्थिक वर्षका लागि विद्युतीय माध्यमबाट बोलपत्र गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. ८ जग्गाको नापजाँच तथा मापदण्ड निर्धारण गर्ने सम्बन्धमा।**

निर्णय नं. ८ प्रस्ताव नं. ८ माथि छलफल गर्दा लम्कीचुहा नगरपालिकामा रहेका भूमिहिन दलित, भूमिहिन सुकुम्बासी र अव्सयवस्थित बसोबासीहरुको व्यवस्थापनका लागि जग्गा नापजाँच भईरहेकोमा नापजाँच गर्न बाँकी रहेको जग्गा आवश्यक प्रक्रिया अपनाई नापजाँच अगाडी बढाउने साथै हालसम्म नापजाँच भईसकेको जग्गामा देखा परेका विवादको समाधानका लागि तपशील अनुसारको अनुगमन तथा सहजीकरण समिति गठन गर्ने निर्णय गरियो।

तपशिल

१. श्री जुना चौधरी-संयोजक
२. भगवानदिन चौधरी-सदस्य
३. सम्बन्धित वडाको वडाध्यक्ष-सदस्य
४. ज्योती देवी वि.क.-सदस्य
५. सुरेस देवकोटा-सदस्य
६. विरेन्द्र शाही-सदस्य-सचिव

**प्रस्ताव नं. ९ आर्थिक सहायता सम्बन्धमा।**

निर्णय नं. ९ प्रस्ताव नं. ९ माथि छलफल गर्दा लम्कीचुहा नगरपालिकाको कार्यालयमा पेश हुन आएका निवेदन तथा माग बमोजिम तपशील अनुसारको आर्थिक सहायता रकम आ.व. २०७९।०८० को स्वीकृत आर्थिक सहायता शिर्षकबाट उपलब्ध गराउने निर्णय गरियो।

तपशिल

१. लम्कीचुहा नगरपालिका वडा नं. १ निवासी गौरी न्यौपाने रु. १५ हजार
२. लम्कीचुहा नगरपालिका वडा नं. ४ निवासी केशव राज अधिकारी रु. १० हजार
३. लम्कीचुहा नगरपालिका वडा नं. २ निवासी शंकर चौधरी रु. १५ हजार
४. लम्कीचुहा नगरपालिका वडा नं. ४ निवासी विरेन्द्र शाही रु. १५ हजार

**प्रस्ताव नं. १० रकम विनियोजन गर्ने सम्बन्धमा।**

निर्णय नं. १० प्रस्ताव नं. १० माथि छलफल गर्दा लम्कीचुहा नगरपालिकाको कार्यालयद्वारा संचालन हुने तपशील अनुसारका योजना तथा कार्यक्रमका लागि आ.व. २०७९।०८० को स्वीकृत वार्षिक कार्यक्रममा देहाय अनुसार लागत अनुमान बमोजिमको रकम विनियोजन गर्ने निर्णय गरियो।

तपशील

१. लम्किचुहा नगरपालिकाको कार्यालय अर्न्तगत रहेका आर्थिक प्रशासन शाखा, भूमि सेवा केन्द्र, जिन्सी इकाईमा र्याक निर्माणका लागि भूमि सेवा केन्द्रका लागि विनियोजित रकमबाट भूक्तानी गर्ने।
२. लम्कीचुहा नगरपालिकाको भूँई तलामा रहेको नगर उपप्रमुखको कार्यकक्ष बाहिर नागरिक सहायता कक्ष निर्माणका लागि समपुरक कोषबाट रकम भूक्तानी गर्ने।
३. लम्कीचुहा नगरपालिका वडा नं. १ खल्लामा रहेको खोपकेन्द्रको गेट निर्माणका लागि समपुरक कोषबाट भूक्तानी गर्ने।
४. लम्कीचुहा नगरपालिका वडा नं. ३ शान्तीटोल कोपिला समुदायिक वन झोलुङ्गे पुल र वडा नं. ७ पथैरैया धन्वैया झोलुङ्गे पुल निर्माणको सेवा शुल्क वापतको रकम समपुरक कोषबाट सुदूरपश्चिम सामुदायिक विकास मञ्चलाई भूक्तानी गर्ने।

**प्रस्ताव नं. ११ विभिन्न खोला तथा नदीको IEE तथा EIA गर्ने सम्बन्धमा ।**

निर्णय नं. ११ प्रस्ताव नं. ११ माथि छलफल गर्दा लम्कीचुहा नगरपालिकाको आन्तरिक आयमा अभिवृदद्दी गर्नका लागि नदीजन्य पदार्थको उत्खनन तथा विक्रि वितरण गर्न लम्कीचुहा क्षेत्रमा रहेका तपशील अनुसारका नदी तथा खोलाहरुको आवश्यक परिमाण अनुसार IEE तथा EIA गर्ने निर्णय गरियो।

**तपशील**

१. कर्णाली नदी
२. धोबिनिया खोला
३. रोरा खोला
४. चोरी खोला
५. चरेला खोला
६. पथरैया खोला
७. बहुला खोला
८. बर खोला
९. आम खोला
१०. ढुंगे बजार खोला
११. ७ नं. खोला

**प्रस्ताव नं. १२ रकमान्तर तथा रकम विनियोजन गर्ने सम्बन्धमा ।**

निर्णय नं. १२ प्रस्ताव नं. १२ माथि छलफल गर्दा लम्कीचुहा नगरपालिका वडा नं. ७ को वडा समितिको निर्णय बमोजिम आ.व. २०७९।०८० का लागि वडा स्तरिय भजहर कार्यक्रमका विनियोजित रकम रु १ लाख २० हजारलाई चाकावाडी सिमल मण्डी पिपल चौतारो निर्माण र वडा कार्यालयमा ब्याडमिन्टन कोर्ट निर्माणका लागि ६० हजारका दरले रकमान्तर गर्ने साथै वडा नं. ७ मा निशुल्क लोक सेवा कक्षा संचालनक लागि विनियोजित रु १ लाख लाई बासघारी प्रा.वि. खरौला र जानकी आ.वि. लाई खानेपानी ट्याङ्की निर्माण गर्न ५० हजारका दरले रकमान्तर गर्ने र लम्किचुहा नगरपालिका लागि  आ.व. २०७९।०८० को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गतको समपुरक कोषबाट हाल कार्यान्वयन हुने गरि तपशिल अनुसारका शिर्षकमा रकम विनियोजन गर्ने निर्णय गरियो।

१. सवारी साधनको मर्मत तथा सम्भारका लागि रु. १० लाख
२. कार्यालय प्रयोजनका लागि इन्धनका लागि रु. २५ लाख

**प्रस्ताव नं. १३ आर्थिक सहायता उपलब्ध गराउने सम्बन्धमा ।**

निर्णय नं. १३ प्रस्ताव नं. १३ माथि छलफल गर्दा लम्कीचुहा नगरपालिकाको कार्यालयमा पेश हुन आएका निवेदहरुमध्येबाट लम्कीचुहा नगरपालिका वडा नं. १ निवासी निमदेवी चौधरी र लम्कीचुहा नगरपालिका वडा नं. २ निवासी हंसकला ढकाललाई रु. १५ हजारका दरले आर्थिक सहायत शिर्षकबाट आर्थिक सहायता उपलब्ध गराउने साथै लम्कीचुहा नगरपालिका वडा नं. ६ मा आएको हावाहुरी बाट प्रभावित तपशीलका घर परिवारका व्यक्तिलाई रु ५ हजारका दरले आ.व. २०७९।०८० को स्वीकृत विपद व्यवस्थापन कोषबाट उपलब्ध गराउने निर्णय गरियो ।

**तपशील**

१. कृष्ण चौधरी
२. राम बहादुर खत्री
३. लाल बहादुर खत्री
४. शेर बहादुर घर्ती
५. गौरीकान्त खत्री
६. चन्द्र भुल
७. महेश ढुंगाना
८. झपट बहादुर वि.क.
९. भेष बहादुर विष्ट
१०. जामिरा कटेल
११. मंसिरा कार्की
१२. निर्मला बुढा
१३. तिल्का सन साईन स्कुल
१४. विर बहादुर मगर
१५. खिन्तु विश्वकर्मा
१६. गोपाल विश्वकर्मा
१७. राजेन्द्र बजगाई
१८. जमुना बोहरा
१९. संधु चौधरी
२०. कहर सिंह देउवा

स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम प्रमाणीत ।